# अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित

महालक्ष्मी नगरपालिका कार्यालय¸ललितपुरको
चालु आ.व. ०७३/७४ को लक्षित समूह विकास सम्बन्धी कार्यक्रम संचालनका लागि संघ/ संस्थाहरुसंग साझेदारीका लागि सार्वजनिक सूचना
प्रथम पटक प्रकाशित मिति २०७३/१०/२८ गते शुक्रवार

यस नगरपालिकाको चालु आ.व.०७३/७४ को सामाजिक विकास तर्फ {लक्षित वर्ग विकास कार्यक्रम} तर्फका कार्यक्रमहरु मध्ये संघ संस्थाहरुको साझेदारीमा गर्ने भनि तोकिएका कार्यक्रमहरु संचालन गर्नका लागि यस जिल्लामा दर्ता भएका तथा अन्य जिल्लामा दर्ता भएता पनि मिति २०७३ पौष मसान्त भित्र यस जिल्लामा कार्य संचालन अनुमति प्राप्त गरेका संघ संस्थाहरुलाई मिति २०७३ फाल्गुण १५ गते भित्र प्रस्ताव फारम खरीद गरी मिति २०७३ फाल्गुण १७ गते दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्ने गरी प्रस्ताव आब्हान गरिएको छ ।
कार्यक्रमहरुलाई विभिन्न समूहहरुमा विभाजन गरिएको छ । एउटा संस्थाले अधिकतम २ वटा समूहमा आवेदन राख्न सक्नेछ । सम्बन्धित कार्यक्रमसंग संस्थाको उदेश्य अनुरुप कार्य गर्ने, यस नगरपालिकामा कार्य क्षेत्र बनाएर कार्य गरेको स्थानीय संघ/संस्था र यस नगरपालिकामा आवद्ध भएका संघ/संस्थालाई विशेष प्राथमिकता दिइनेछ । सिलबन्दी प्रस्ताव फारम यस नगरपालिकाको राजश्व शाखामा रु.३००/-{रु तीन सय मात्र।} तिरी पछि फिर्ता नहुने गरी नगरपालिकाको सामाजिक विकास शाखावाट प्राप्त गर्न सकिनेछ । उल्लेखित म्यादभित्र दर्ता हुन नआएका प्रस्तावहरुलाई समावेश गर्न नसकिने ब्यहोरा अग्रिम जानकारी गराईन्छ । साथै यो सूचना नगरपालिकाको वेभसाइट www.mahalaxmimun.gov.np मा समेत हेर्न सकिनेछ । प्रस्तावित कार्यक्रमहरु स्वीकृत गर्ने/नगर्ने अधिकार नगरपालिकामा निहित रहने छ।

प्रमुख एंव कार्यकारी अधिकृत